का.जि.प्र.का.द.नं. १००/०५९/६०

१२ फागुन २०७९,
शुक्रबार
24 February 2023,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न



एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको शुक्रबार हुने भेटले वर्तमान सत्तागठबन्धनको भविष्य तय गर्नेछ । सोही भेटपछि बस्ने कांग्रेस, माओवादी, एकीकृत समाजवादी र जसपाको संयुक्त बैठकले चुनाव अगाडिको गठबन्धन ब्यूँताउने वा नब्यूँताउने विषय निर्क्योल गर्छ ।

# नेकपा ब्यूँताउने सर्त





केपी कमरेड नेकपा ब्युँताउन तयार भएको अवस्थामा माधव नेपाल राष्ट्रपतिमा अघि सर्नु हुन्छ । यसका लागि प्रचण्ड पनि तयार हुनुपर्छ ।

**डा. विजयकुमार पौडेल**
**उपमहासचिव, नेकपा एकीकृत समाजवादी**

**दीपेन्द्रविक्रम तामाङ/मध्यान्ह**
काठमाडौं, ११ फागुन ।

राष्ट्रपति निर्वाचनको रस्साकस्सीबीच पुन: तत्कालीन नेकपा ब्यूँताउनुपर्ने आवाज उठ्न थालेको छ ।

नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपालले सर्वोच्च अदालतले खारेज गरेको नेकपा ब्युँताउनुपर्ने प्रस्ताव अघि सारेका हुन् । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले राष्ट्रपतिको उम्मेदवारमा नेपाललाई प्रस्ताव गरेपछि उनले त्यसका लागि नेकपा ब्यूँताउनुपर्ने शर्त राखेका हुन् । गत आइतवार भएको वान टु वान संवादमा ओलीले नेपाललाई राष्ट्रपतिको उम्मेदवारसँगै पार्टी एकताको समेत प्रस्ताव गरेका थिए ।

बिहीबार सिंहदरवारमा भएको नेकपा माओवादी केन्द्रका अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलसँगको वार्तामा नेपालले फागुन २५ मा हुने राष्ट्रपति निर्वाचनमा कम्युनिष्ट घटक मिल्नका लागि खारेजीमा परेको नेकपा ब्युँताउनुपर्ने – बाँकी पृष्ठ २ मा

## कृषि अनुदानमा अर्बौंको लगानी

# वालुवामा पानी

एकातिर अनुदान रकम वर्षेनी बढ्ने, अर्कातिर वास्तविक किसानले अनुदान नपाउने समस्याले कृषक मात्रै होइन, उपभोक्ता समेत मारमा पर्दै आएका छन् ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ११ फागुन ।

सरकारले कृषकलाई दिने अनुदान र ऋण नक्कली किसानले मात्रै हडप्न थालेपछि उक्त विषयले संसदमा प्राथमिकता पाउन थालेको छ । वर्षेनी छुट्याईएको अर्बौंको अनुदान वास्तविक किसानसमक्ष नपुगेको भन्दै बिचौलियालाई कारबाही गर्नुपर्ने माग उठेको हो ।

नेपाली कांग्रेसका सांसद शंकर भण्डारीले कृषि अनुदानका लागि नक्कली किसान खडा गर्नेमाथि कारबाही गर्न सरकारसमक्ष माग गरेका छन् । बिचौलियाले असाधारण नाफा कमाउने तर उपभोक्ताहरू मारमा पर्ने गरी कृषि अनाजहरूको खरिद गर्नुपर्ने अवस्थाको अन्त्य गर्नुपर्नेमा उनले जोड दिदै आएका छन् ।


उनीमात्रै होइन, काठमाडौँमा गरिरहेको जागिर छोडेर गाउँ फर्किएका सिन्धुपाल्चोक जिल्ला ईन्द्रावती गाउँपालिकाका ३१ वर्षीय युवाकृषक अनिष सञ्जेलको गुनासो पनि उहीँ छ । 'सरकारले वर्षेनी अनुदानका लागि अर्बौं रकम छुट्टाएको छ, तर हामी किसानलाई लिन र प्रक्रिया पूरा गर्न अत्यन्तै गाह्रो छ, अहिलेसम्म केही पाएको छैन' सञ्जेलले भने । उनले सरकारले युवा कृषकलाई प्रोत्साहन गर्न अनुदान र

> सरकारले वर्षेनी अनुदानका लागि अर्बौ रकम छुट्टाएको छ, तर हामी किसानलाई लिन र प्रक्रिया पूरा गर्न अत्यन्तै गाह्रो छ ।
>
> **अनिष सञ्जेल**
> **युवाकृषक, सिन्धुपाल्चोक**

ऋणका विषय चर्चामा आएपनि आफूले केही नपाएको गुनासो गरेका हुन् । कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६ अनुरूप ११७ वटा कृषिक्षेत्रमा व्यवसाय शुरुवात तथा विस्तारका लागि अनुदान दिने गरी व्यवस्था गरिएको छ । सरकारले आव २०७०/७१ देखि आगामी आव २०७७ /७८ सम्ममा कृषि अनुदानमा ६७ अर्ब १९ करोड रुपैयाँ बजेट छुट्याएको छ । तरपनि, पहुँचवालाले नक्कली फर्म खडा गरि अनुदान प्राप्त गर्दा वास्तविक किसान भने मर्कामा परेका छन् । तसर्थ, कृषकको नाममा व्यक्ति विशेषलाई लाभ दिने नियतले राज्यको ढुकुटीबाट दिइँदै आएको अनुदान स्थगित गर्नुपर्ने सुझाव समेत कृषिविद्हरुले दिन थालेका छन् ।

### रकम बढ्यो उत्पादन बढेन

सरकारले रासायनिक मल, कृषि आधुनिकीकरण कार्यक्रम, कृषि सामग्री, बीऊ तथा विषादी लगायत अन्य कृषिजन्य वस्तुको उत्पादनका लागि वार्षिक अर्बौं रुपैयाँ अनुदान दिँदै आएको छ । तथ्यांक हेर्ने हो भने पनि सरकारले २०६९/७० बाट कृषि क्षेत्रमा ५ अर्ब ३ करोड १६ लाख रुपैयाँ अनुदान रकम वितरण गरेको थियो । उक्त वर्ष देशभरबाट ८७ लाख ३७ हजार – बाँकी पृष्ठ २ मा




वैदेशिक रोजगार विशेष

# सेवा प्रवाह सहज बनाउने साउदी दूतावासको प्रतिबद्धता

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ फागुन

नेपालस्थित साउदी अरेबियाको दूतावासले आफ्नो मुलुकमा कामदार पठाउने वैदेशिक रोजगार व्यवसायीलाई प्रदान गर्ने सेवा प्रवाहमा सहजता ल्याउने प्रतिबद्धता जनाएको छ । बिहीबार नेपाल वैदेशिक रोजगार व्यवसायी संघका नवनिर्वाचित अध्यक्ष राजेन्द्र भण्डारीको नेतृत्वमा गएको टोली र दूतावासका कन्सुलरबीचको छलफलपछि दूतावासले उक्त प्रतिबद्धता जनाएको हो ।

संघको टोली र दूतावासका कन्सुलरबीच दूतावासले नेपाली कामदारको भिसा जारी गर्ने प्रक्रियामा रहेका समस्याबारे करिब दुई घण्टा छलफल भएको संघका महासचिव मेघनाथ भुर्तेलले जानकारी दिए ।

छलफलपछि आगामी फेब्रुअरी २७ तारिखदेखि कामदारको भिसा सब्मिसनका लागि आफ्नो पालोमा साउदी आईडीको कपी र डिमाण्ड सेट लिएर दूतावासमा आवेदन गर्ने सहमति भएको छ । दूतावासले सोही मितिदेखि आफ्नो अनलाइन प्रणाली 'ईन्जाजित सिष्टम' एक्टिभ गरी स्तरोन्नति तथा अपग्रेड गर्ने भएकाले विगतमा कागजात नबुझाएका व्यवसायीले आगामी सोमबार अर्थात् फागुन १५ गतेदेखि २१ दिनभित्र दूतावासले माग गरेका कागजात बुझाउने सहमति भएको छ ।

संघको प्रतिनिधिमण्डलमा अध्यक्ष भण्डारीसहित महासचिव भुर्तेल, – बाँकी पृष्ठ २ मा

## विभाग प्रवेशमा कडाइ

**काठमाडौं/मस–** पीडितलाई न्याय दिलाइदिने भन्दै हुलहुज्जत गरी कार्य सम्पादनमा अवरोध भएपछि वैदेशिक रोजगार विभागले बिहीबारदेखि कार्यालय प्रवेशमा कडाइ गरेको छ । केही समययता आफूहरूलाई पीडित कामदारको उद्धारक बताउने युट्युबर तथा अन्य केहीले विभागमा नाराबाजी – बाँकी पृष्ठ २ मा

## कुवेतमा रोजगारको अवसर

कम्पनी : RAZMATAZZ GENERAL TRADING COMPANY, KUWAIT
शहर : KUWAIT

पूर्व स्वीकृत मितिः २०७९/११/११ | चलानी नं.: ६०१९७१२४ | L.T. No.: 281617

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Baker | 3 | 0 | स. काममा दक्ष | 150 | ६४,६७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Barista | 4 | 0 | | 150 | ६४,६७७ | | | | | | | |
| 3. | Butcher | 3 | 0 | | 180 | ७७,६१२ | | | | | | | |
| 4. | Chef De Parties | 5 | 0 | | 250 | १०७,७९५ | | | | | | | |
| 5. | Cleaner | 4 | 0 | | 130 | ५६,०५३ | | | | | | | |
| 6. | Commis-I-II & III | 6 | 0 | | 150 | ६४,६७७ | | | | | | | |
| 7. | Cost Controller | 2 | 0 | | 200 | ८६,२३६ | | | | | | | |
| 8. | Hostess | 0 | 5 | | 150 | ६४,६७७ | | | | | | | |
| 9. | Pastry Chef | 2 | 0 | | 180 | ७७,६१२ | | | | | | | |
| 10. | Store Keeper | 2 | 0 | | 150 | ६४,६७७ | | | | | | | |
| 11. | Waiter/waitress | 5 | 5 | | 130 | ५६,०५३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ फागुन १९ गते (3 March 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु.१०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

DHR
Gov. lic. No. 789/065/66

**Destiny Human Resource Nepal Pvt. Ltd.**
G.P.O. Box: 8975 EPC 5444, Kathmandu, Nepal
Tel.: 01-5104632/01-5104634, Fax : 4111890
Mobile No.: 985-1170405, 986-9556151, 981-0380130,984-3196615,985-1147445
Email: destinykuwait8@gmail.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१२ फागुन २०७९, शुक्रबार
24 February 2023, Friday

### काठमाडौं उपत्यकामा

# पचास किलोमिटर प्रतिघण्टा स्पीड

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ फागुन



काठमाडौं उपत्यकामा प्रतिघण्टा ५० किलोमिटर भन्दा बढीको स्पीडमा सवारीसाधन गुडाउन नपाइने भएको छ । उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार सवारी दुर्घटना न्यूनीकरण तथा रोकथामका लागि कलंकी-कोटेश्वर सडक खण्डको फास्ट ट्र्याकमा ५० किलोमिटर र सर्भिस ट्र्याकमा २० किलोमिटर गति निर्धारण गरिएको हो ।

सवारी तथा यातायात व्यवस्था ऐन २०४९ र नियमावली २०५४ मा उल्लेखित गति नियन्त्रणसम्बन्धी व्यवस्था र सडकको भौतिक अवस्था समेतलाई मध्यनजर गरेर गति निर्धारण गरिएको कार्यालयले जनाएको छ । यस्तै कोटेश्वर-भक्तपुर सडक खण्डमा पनि प्रतिघन्टा ५० किलोमिटर गति तोकिएको छ। उपत्यकाको विभिन्न स्थानमा आवश्यकता अनुसार गति सिमा तोकी सोही स्थानमा गति सिमाका बोर्डहरू समेत राखिएको ट्राफिक प्रहरीले जनाएको छ ।

## जोखिमपूर्ण यात्रा गर्न बाध्य

काठमाडौं उपत्यकाका यात्रु नै सार्वजनिक सवारी साधनमा जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् । चालक र सहचालकको लापरबाहीका कारण यात्रु जोखिमपूर्ण यात्रा गर्न बाध्य भएका हुन् । काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार यात्रुले जोखिमपूर्ण यात्रा गर्नुपरेकाले चालु आर्थिक वर्षको शुरुवातदेखि नै कारबाही अभियानलाई तीव्रता बनाइएको थियो । चालु आर्थिक वर्षको अहिलेसम्म यसरी यात्रा गराउने २१ हजार पाँच सय आठ सवारी चालकलाई कारबाही गरिएको छ। तीमध्ये ढोका खुल्ला राखेर सवारी साधन गुडाउने मात्रै १५ हजार छ सय २९ चालक कारबाहीमा परेका प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्टले जानकारी दिए ।

ढोका खुला राख्दा त्यहाँबाट यात्रु खस्ने जोखिम बढी हुन्छ । प्राप्त विवरणानुसार साउन महिनामा दुई हजार छ सय ८३, भदौमा दुई हजार आठ सय ७३, असोजमा सात सय ४९, कात्तिकमा एक हजार आठ सय २६, मङ्सिरमा दुई हजार आठ सय २६, पुसमा दुई हजार सात सय ३४ र माघ महिनामा एक हजार नौ सय ३८ चालक काराबाहीमा परेका थिए । ढोका खुला राख्ने धेरै भए पनि क्षमताभन्दा बढी यात्रु राखेर सवारी साधन चलाउँदै गरेका पाँच हजार आठ सय दुई चालकलाई पनि कारबाही गरिएको उनले बताए । त्यस्तै ७७ टेम्पो चालकलाई पनि ट्राफिक प्रहरीले कारबाही गरेको थियो। टेम्पोको पछाडि यात्रुलाई झुण्ड्याएर यात्रा गराएको पाइएपछि उनीहरूलाई कारबाही गरिएको हो ।

क्षमताभन्दा बढी यात्रु राख्दा सवारीसाधन अनियन्त्रित भई दुर्घटना हुने जोखिम रहने हुँदा क्षमताभन्दा बढी यात्रु नराख्न यतायात व्यवसायीलाई र सवारी साधनमा कोचिएर तथा झुण्डिएर यात्रा नगर्न यात्रुलाई प्रवक्ता भट्टले अनुरोध गरे ।

सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा एक सय ६४ मा सवारी साधनमा बस्ने वा राख्ने मानिस तथा मालसामानको हद निर्धारण गरिएकामा सो हदभन्दा बढी राखेर सवारी साधन चलाएमा कारबाही हुने व्यवस्था छ ।

### नेकपा...

प्रस्ताव अघि सारेका हुन् । आफू राष्ट्रपतिको उम्मेदवार बन्न नेकपा ब्यूँताउन एमाले अध्यक्ष ओली राजी हुनुपर्ने नेपालको शर्त रहेको एकीकृत समाजवादीका उपमहासचिव डा. विजयकुमार पौडेलले मध्यान्हसँग बताए ।

'यदि म राष्ट्रपतिमा अघि सर्नुपर्ने हो भने २०७७ फागुन २३ मा खारेज भएको नेकपा ब्युँताउन तयार हुनुपर्छ', पोखरेलसँगको वार्ताका क्रममा नेपालको भनाइ उनले भने 'केपी कमरेड नेकपा ब्युँताउन तयार भएको अवस्थामा म राष्ट्रपतिमा अघि सर्न तयार छु।' त्यसका लागि प्रचण्ड पनि नेकपा ब्युँताउन तयार हुनुपर्ने अध्यक्ष नेपालले प्रस्ताव राखेका छन् ।

अध्यक्ष नेपालले बिहीबारनै काठमाडौंमा पार्टी बागमती प्रदेश कमिटीको बैठकलाई सम्बोधनका क्रममा पनि आफूले माओवादी केन्द्र र एमालेको नेतृत्वसँग नेकपा ब्यूँताउनुपर्ने प्रस्ताव राखेको जानकारी गराए ।

'मैले दुवै पार्टीका नेताहरुसँग यदि आफू राष्ट्रपतिमा अघि सर्नुपर्ने हो भने नेकपा ब्युँताउन तयार हुनुपर्छ भन्ने कुरा राखेको छु', उनले उक्त बैठकलाई सम्बोधन गर्दै भने, 'ओली र प्रचण्डजी दुवै यस कुरामा तयार हुन्छन् भने राष्ट्रपतिमा जान मलाई समस्या हुँदैन ।' सत्ता गठबन्धन टुट्ने स्थिति आएपछि एमाले अध्यक्ष ओलीले नै नेपाललाई राष्ट्रपति बनाउने प्रस्ताव राखेका हुन् ।

नेकपा एमाले र माओवादी केन्द्रबीच पार्टी एकता भएर नेकपा बनेको थियो । पछि नाम सम्बन्धी विवादमा सर्वोच्च अदालतले दिएको आदेश अनुसार नेकपा विघटन भएर दुई पार्टी पहिलेकै रुपमा फर्केका थिए । त्यसपछि नेकपा एमालेबाट अलग भएर नेपालको नेतृत्वमा नेकपा एकीकृत समाजवादी गठन भएको थियो । मंसिर ४ मा भएको निर्वाचनमा प्रत्यक्षतर्फ १० सिट जिते पनि एकीकृत समाजवादीले थ्रेसहोल्ड भने कटाउन सकेन ।

उता राष्ट्रपतिमा आशावादी रहेको नेपाली कांग्रेसले पनि निर्वाचन ताकाको पाँच दलीय गठबन्धन ब्यूँताउने प्रयास गरेको छ भने पछिल्लो समय पावर ब्यालेन्सका लागि भन्दै कांग्रेससँग सामीप्यता बढाएका प्रचण्डले पनि पाँचदलीय गठबन्धनका प्रमुख घटक दल एकीकृत समाजवादी र जनता समाजवादी पार्टी (जसपा) सँग छलफल र संवादलाई बाक्लो बनाएका छन् । विहीवार पनि प्रचण्डले माधव नेपाल र उपेन्द्र यादव दुवैलाई संयुक्त रुपमा भेटवार्ता गरेका छन् । पुस १० मा भत्किएको पाँच दलीय गठबन्धन ब्युँताउने कांग्रेसको प्रयासबीच प्रचण्डले नेपाल र यादवलाई पनि आफ्नो एजेन्डामा सहमति गराउन खोजिरहेका छन् । सिंहदरवारमा भएको तीन दलबीचको छलफलपछि प्रधानमन्त्री प्रचण्डले शुक्रबार एमाले अध्यक्ष ओलीसँग संवाद गर्ने बताएका छन् । जसपा र एकीकृत समाजवादीका नेताहरुसँगको छलफल सकेर बाहिर निस्किँदै गर्दा उनले सञ्चारकर्मीहरुसँग भने, 'छलफल चलिरहेको छ, शुक्रवार एमाले अध्यक्षसँग कुरा हुन्छ ।'

### कृषि...

१२८ मेट्रिक टन खाद्यान्न उत्पादन भएको थियो । अहिले उक्त अनुदान रकम बढेर २० अर्ब रुपैयाँको हाराहारीमा पुगेपनि उत्पादन दरमा भने खासै वृद्धि भएको देखिदैँन । सरकारले अध्ययन गरेको प्रतिवेदनले पनि पहुँचवाला र टाठाबाठाले मात्रै अनुदान पाउने गरेको निष्कर्ष निकालेको थियो । जसमा कृषि विकासको बिभिन्न मोडालिटी हेर्दा नियमित कार्यक्रमभन्दा ठुला आयोजनाहरुको व्यवस्थापनमा समस्या बढी देखिएको प्रतिवेदनमा उल्लेख थियो। एकातिर अनुदान रकम वर्षेनी बढ्ने अनि अर्कातिर वास्तविक किसानले अनुदान नपाउँदा कृषक मात्रै होइन, मूल्यवृद्धिका कारण उपभोक्ता समेत मारमा पर्दे आएका छन् । तरपनि, तीनवटै तहका सरकार अनुदानलाई पहुँचवालाको हातमा पुर्‍याउने र त्यसको नाफा आफू पनि लिने काममा मात्रै केन्द्रित छन् । जसले गर्दा अनुदानका लागि छुट्याइएको अरबौं रकम वालुवामा पानी भएझैं भएको छ ।

### सेवा...

संघको साउदी मामिला प्रमुख कार्यसमिति सदस्य वैकुण्ठप्रसाद पौडेल 'वैभव' र अरबी भाषाका जानकार ओभरसिज इम्प्लोइमेन्ट प्रा.लि.का सञ्चालक अख्तर हुसेन सहभागी थिए ।

व्यवसायी हुसेनले साउदी दूतावास कामदारको डिमाण्ड ल्याएका म्यानपावर व्यवसायीको साउदी आईडी नवीकरण गरी सहजीकरण गर्न सहमत भएकाले बिहीबार दुई घण्टा लामो छलफल गरेर तत्काल दुई वटा महत्वपूर्ण निर्णय गरेको बताए ।

हाल दर्ता रहेका ८ सय ८६ म्यानपावर कम्पनीमध्ये ६ सय ५० म्यानपावर कम्पनीले साउदीमा कामदार पठाउने गरेका छन् । व्यवसायी हुसेनले ठूलो संख्यामा रहेका म्यानपावर व्यवसायीका विवरण अपडेट गरेर राख्ने कार्य बोझिलो रहेको र माग भएका कागजात व्यवसायीहरूले तोकिएको अवधिमा व्यवस्थित ढंगले नबुझाएको भन्दै दूतावासका तर्फबाट गुनासो आएको समेत बताए ।

गत दशैं अगाडि दूतावासले साउदी आईडी भएका म्यानपावर कम्पनीको विवरण अध्यावधिक गर्न कन्सुलर विभागबाट कागजात प्रमाणित गरी कार्यालयको गुगल म्यापसहितको विवरण मागेको थियो । त्यसबेला सक्रियतापूर्वक काम गर्ने १ सय ६० म्यानपावर कम्पनीले विवरण पेश गर्न छुटाएका थिए । जसका कारण म्यानपावर कम्पनी आईडी नवीकरण नहुँदा काम गर्नबाट बञ्चित भएको बताइएको छ ।

### विभाग...

गरेपछि विभागले हुलहुज्जतको कामले दैनिक कार्यसम्पादनमा अवरोध सिर्जना भएको बताएको हो । विभागका निर्देशक कृष्णप्रसाद भुसालले प्रेस विज्ञप्ति जारी गर्दै केही दिनयता पीडितको नामबाट कानून, विधि र प्रक्रिया विपरीत विभाग कार्यालयभित्र नाराजुलुस गर्ने, अमर्यादित भाषाको प्रयोग गरी कार्यालयमा आतंक मच्चाउने र काम गर्ने वातावरण प्रभावित गर्नेलगायतका कार्यहरू बढ्दै गएको बताएका छन् ।

विज्ञप्तिमा निर्देशक भुसालले यस प्रकारका अमर्यादित क्रियाकलाप अन्त्य गरी विधि र प्रक्रिया बमोजिमको काम गर्ने वातावरण निर्माण गर्न सरोकारवालाहरूसँग आग्रह गर्दै सेवाग्राहीसँग कुनै गुनासो भए कानूनी प्रक्रियाअनुसार आउनुपर्ने उल्लेख गरेका छन् ।

विभागले कार्यालयमा काम गर्ने वातावरणलाई शान्तिपूर्ण बनाउन असम्बन्धित व्यक्तिहरूको प्रवेशमा कडाइ गरेको भन्दै विभाग आउँदा अनिवार्यरूपमा परिचयपत्र लिएर आउन भनेको छ ।

कन्सल्ट्यान्सी, केही ट्राभल्स एजेन्सी र तालिम प्रदायक संस्थाबाट ठगिएकाहरूले पनि तत्काल क्षतिपूर्ति, उद्धार र राहतको मागसहित विभागलाई दबाब दिने गरेको विभागको भनाइ छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको विभाग हेर्ने समितिका संयोजक कर्णराज कटुवालले कानून हातमा लिने प्रवृत्तिको विरोधमा संघले निरन्तर आवाज उठाउँदै आइरहेको भन्दै अराजकता रोक्ने विभागको कदमलाई संघले उचित ठहऱ्याएको बताए ।


## ठाकुरबाबा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**बर्दिया, लुम्बिनी प्रदेश, नेपाल**

### दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशन मितिः २०७९/११/१२ गते)**

यस कार्यालयको तपशिलमा उल्लेखित खरिद कार्यहरुको लागि प्रकाशित सार्वजनिक सूचना बमोजिम नियमानुसार म्याद भित्र पर्न आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलपत्र न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतीका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| सूचना नं | विवरण | स्वीकृत हुने फर्मको नाम | कबोल अंक (मु.अ.कर सहित) |
|---|---|---|---|
| TBM/W/NCB-09/079/80 | Construction of RCC Box culvert and Road Upgrading | Gramin Nirman Sewa, Palata-03, Kalikot | ४१९८३५३.८६ |
| TBM/W/NCB-10/079/80 | Chure Ma Vi School Building Construction | Thakurbaba Nirman Sewa, Thakurbaba-1 Bardia | ५०९५७३०.७ |
| TBM/W/NCB-10/079/80 | Janachahana Aa Vi School Building Construction | Nandadevi Nirman Sewa,Thakurbaba-09,Bardiya | ३७१३४९२.३३ |



## भीमफेदी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**भीमफेदी, मकवानपुर**
**बागमती प्रदेश, नेपाल**

### गिट्टी लिलाम विक्रीको बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः- २०७९/११/१२ गते**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०८ बमोजिम यस भीमफेदी गाउँपालिका वडा नं.१ सानुटार स्थित रहेको गिट्टीको लिलाम विक्री गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.२०७८/७९ को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको नोटरी प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः-**

| सूचना नं. | बोलपत्रको नाम | परिमाण (घनफिट) | न्यूनतम बोलपत्र रकम रु.(मु.अ.कर बाहेक) | धरौटी रकम रु. | बोलपत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|---|
| BRMMK/NCB/CAA/15-2079.080 | गिट्टी लिलाम विक्री सम्बन्धी | ११५४९३.६७ | ३९,२६,७८४.७८ | कबोल अङ्कको १० प्रतिशतले हुन आउने रकम | २,०००/- |

**शर्तहरुः-**

१. लिलाम सकार गर्ने व्यक्ति/फर्म/कम्पनीले लिलाम सकार गर्ने पट्टा उठाएको/सम्झौता भएको ३० दिनभित्र गिट्टी उठाई लैजानुपर्नेछ । तोकिएको अवधिभित्र गिट्टी नउठाएमा उक्त गिट्टी गाउँपालिकाले जफत गर्न सक्नेछ ।

२. बोलपत्रदाताले बोलपत्र फारम दस्तुर भीमफेदी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको नाममा रहेको एन.आई.सी.एशिया बैक लि. भीमफेदी शाखामा रहेको स्थानीय तह आन्तरिक राजश्व खाता नं. 167CA57503077001 मा जम्मा गर्नुपर्नेछ । बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np /epg बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सकिने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको बैंक खातामा उल्लिखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

३. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अङ्कमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । आफूले कबोल गरेको अङ्कको १० प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको एन.आई.सी. एशिया बैंक लि. भीमफेदी शाखामा रहेको धरौटी खाता नं. G7CA503072524001 मा जम्मा गरी सोको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी कम्तिमा १२० दिनको म्याद सहित जारी गरिएको बोलपत्र जमानत (Bid Bond) पेश गर्नु पर्नेछ ।

४. प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले १५औं दिन दिनको ३:०० बजे भीमफेदी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

५. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलौंमा सूचना टाँस भएको मितिले ७ दिनभित्र मु.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अङ्कको एकमुष्ट रकम (थप १३ प्रतिशत भ्याट समेत) एन.आई.सी.एशिया बैक लि. भीमफेदी शाखामा भीमफेदी गाउँपालिकाको नाममा रहेको रहेको स्थानीय तह विभाज्य कोष खाता नं. 1672050028271002 मा जम्मा गरेको सक्कलै भौचर/ई-भौचर अनिवार्य पेश गर्नुपर्नेछ । साथै नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर सकारकर्ताले छुट्टै बुझाउनु पर्नेछ ।

७. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस सुचनामा उल्लेखित बुँदाहरुको हकमा यसै बमोजिम र नखुलेको हकमा प्रचलित कानून तथा भीमफेदी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको निर्णय बमोजिम हुनेछ ।

८. बोलपत्र दाखिला गर्ने अन्तिम मितिः २०७९।१२।०३ गते दिनको १२:०० बजे भित्र गर्नुपर्नेछ । साथै सोही दिन दिनको २:०० बजे बोलपत्र खोलिनेछ ।

**(नोटः- विस्तृत जानकारीका लागि भीमफेदी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ । )**

**प्रमुख प्रशासकीय अधिकृत**

# काठमाडौंका भित्री वडामा अधिक मौखिक उजुरी



**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ फागुन

काठमाडौं महानगरका भित्रका भित्री वडाहरुमा स्थानीय विवादहरु मौखिक उजुरीका रुपमा जनप्रतिनिधिसँग पुग्ने गरेका छन् । मौखिक सूचना र उजुरीकै आधारमा टोलमै गएर जनप्रतिनिधिबाट दुवै पक्ष राखेर सम्झाइ बुझाइ मेलमिलाप गराउने गरिएको छ ।

यसरी हुने मेलमिलाप कतिपय अध्यक्ष आफैंले मिलाइ दिने गरेका छन् भने कतिपय वडा सदस्यले एक्ला एक्लै मिलाउने गरेका छन् । कति उजुरीहरुमा वडाका सबै जनप्रतिनिधि र कति उजुरीमा वडा सचिव समेत बसेर मेलमिलाप गराउने गरिएको छ । अनौपचारिक रुपमा गरिने यस्ता धेरै उजुरीहरु कति समाधान भए ? उजुरीसँग सम्बन्धित घटना कस्ता कस्ता थिए ? अहिलेसम्म अभिलेख राख्ने गरिएको छैन ।

न्यायिक समितिका संयोजक एवं महानगरकी उपप्रमुख सुनिता डंगोलको नेतृत्वमा वडा मेलमिलाप केन्द्रको निरीक्षणका क्रममा भित्री वडाका जनप्रतिनिधिसँगको छलफलमा यो विषय आएको हो । छलफलमा कुरा सुनिसकेपछि उपप्रमुख डंगोलले, विवाद भएकै ठाउँमा मेलमिलाप हुनु असल अभ्यास भएको उल्लेख गरिन् । 'जनप्रतिनिधिकोमा आउने उजुरी सामाजिक परिवर्तनका बिम्ब हुन् । यी घटनाहरुको प्रकृति र घटनासँग मनोविज्ञानको अध्ययनले मेलमिलापको आगामी यथार्थ दिशा पहिचान हुन्छ । आन्तरिक यस प्रयोजनका लागि वडाबाट भएका अनौपचारिक मेलमिलापको अभिलेख आवश्यक हुन्छ । वडाले यसको प्रबन्ध मिलाउनु होला' डंगोलले भनिन्, 'परिवेशले ल्याएको परिवर्तन र सामाजिक मनोविज्ञान अध्ययन गरौं । यसबाट विवाद शुन्य समाज निर्माणका लागि महत्वपूर्ण आधार तयार हुन्छ ।'

वडा नं. १८, २२, २३, २७ र २८ मा मेलमिलाप कक्षको निरीक्षण भएको छ । वडा १८ र २२ ले सभा कक्षलाई मेलमिलापक केन्द्रका रुपमा विकास गर्ने योजना बनाएका छन् । वडा २३ ले योग अभ्यास गर्ने हललाई कक्ष बनाउँदै छ । वडाले यस अघि पनि मेलमिलापक कक्षको अभ्यास गरिसकेको छ । वडा २७ ले अहिले भएकै भवनको माथिल्लो तलामा कक्ष स्थापना गर्ने, सम्भव नभए भाडामा ठाउँ लिने योजना बनाएको छ । वडा २८ ले कोठा तयार पारिसकेको छ । कोठामा फर्निचर, सामग्री राखेर सञ्चालन गरिनेछ ।

वडाहरुको तयारी राम्रो छ । निरीक्षणपछि न्यायिक समितिका सदस्य एवं वडा २९ का अध्यक्ष कुश ढकालले घाउ र विवादलाई तुलना गर्दै भने, 'यी दुवैको आकार सानो छँदै उपचार गर्नुपर्छ । नत्र बढेर जति खर्च गर्दा पनि नसकिने, व्यक्ति, परिवार र समाजले वर्षौं वर्ष दुःख सास्ती खेप्नु पर्ने हुन्छन् ।'

नागरिकले यसप्रकारको पीडा भोग्न नपरोस् भन्ने उद्देश्यले मेलमिलाप कक्ष स्थापना गर्न लागिएको ढकालको भनाइ छ ।

वडा २३ का अध्यक्ष एवम् विधायन समितिका संयोजक मचाराजा महर्जनले, कक्ष प्रवेश गर्ने वित्तिकै मेलमिलापमा प्रोत्साहित हुने वातावरण बनाइने बताए । वडा २७ का अध्यक्ष योगेश खड्गीले विवादलाई नजिकमा बसेर समाधान गर्ने गरिएको बताए । वडा २८ का भाइराम खड्गीले वडामा ठूला विवाद नआएको बताए ।

छलफलका क्रममा वडा १८ का अध्यक्ष न्हुच्छेकाजी महर्जनले वडामा व्यापारिक झमेला (बहाल नतिर्ने) धेरै आउने गरेको उल्लेख गरे । २२ का अध्यक्ष चिनीकाजी महर्जनले कोविड महामारी पछि व्यवसाय क्षेत्रमा मौखिक उजुरी धेरै आउने गरेको उल्लेख गरे । विवाद व्यवस्थापनका लागि सामाजिक रुपमा प्रतिष्ठा कमाएका संघ संस्थाका प्रतिनिधिहरुलाई सहभागी गराउन सकियो भने क्षेत्रगत विषय छिनोफानो गर्न सहज हुने महर्जनको भनाइ छ । निरीक्षणका क्रममा वडा महिला सञ्जालका संयोजकहरुले विवादका प्रकृतिका विषयमा जानकारी गराएकी थिइन् । कहिलेकाही मेलमिलाप गएर गइसके पछि पनि परिवारका सदस्यहरुले मानेनन भनेर मेलमिलाप भङ्ग हुने गरेको पनि छ । वडा १८ की संयोजक हेराशोभा डंगोल महर्जनले दोस्रो विवाह गरेर दर्ता गर्न आउने पुरुषलाई दर्ता नगरिदिएपछि बसाइँ सराइ लिएर गएको घटना सुनाए ।

# वडाध्यक्षकै मिलेमतोमा रुख कटान

**रामकरन हरिजन/मध्यान्ह**
पश्चिम नवलपरासी, ११ फागुन ।

पश्चिम नवलपरासीको रामग्राम नगरपालिका वडा नम्बर १ मा वडा अध्यक्षकै मिलेमतोमा रुख कटान भएको पाइएको छ । कार्यालय परिसरभित्र रहेका सिमलको रुख काटिएको हो । सो क्रममा रुख काट्ने ६ जना पक्राउ परेका छन् ।

वडा कार्यालय परिसर भित्र रहेको हरियो सिमलको रुख काट्दा जनप्रतिनिधिले वास्ता नगर्दा वडा अध्यक्ष रुद्र प्रकाश उपाध्यायलको मिलोमतोमा अवैध तरिकाले हरियो रुख कटान भएको स्थानीयले आरोप लगाएका छन् ।



मंगलबार रामग्राम नगरपालिकाको डण्डास्थित सार्वजनिक जग्गामा रहेका सिमलको काठ काट्ने ६ जनालाई नेपाल प्रहरीले पक्राउ गरी डिभिजन वन कार्यालयलाई बुझाएको डिभिजन वन कार्यालयका सूचना अधिकारी डिल राम पौडेलले मध्यान्हलाई जानकारी दिए ।

उनका अनुसार व्यक्तिगत वा सार्वजनिक जग्गामा रहेका सिमलका रुख कानुनी प्रक्रिया पूरा गरेर मात्र बेच्न तथा कटान गर्न पाइन्छ, तर कानुनी प्रक्रिया नपुऱ्याई काटिएको छ । हरियो रुख काट्नको लागि वन कार्यालयबाट अनुमती नलिई मनोमानी तरिकाले काटेपछि स्थानीयले प्रहरी र वन कार्यालयलाई जानकारी गराएका थिए ।

वडा कार्यालय परिसरमा रहेका ८ वडा रुख काटिएको छ । जसमा २ वटा सिमल, २ वटा जामुन, ३ वटा आँप र २ वटा सिसम रहेको छ । लु ३ त २०५८ नम्बरको टयाक्टर समेत डिभिजन वन कार्यालयले नियन्त्रणमा लिएको छ । कटान गराउने ठेकेदारको नाम भने खुलेको छैन । पक्राउ परेकालाई छोड्न विभिन्न राजनीतिक दलका नेताहरको दबाब आएको समेत प्रहरीले जनाएको छ । उनीहरुलाई कानूनअनुसार कारबाही प्रक्रिया अगाडि बढाइने प्रहरीले जनाएको छ । पक्राउ परेका ६ जनामाथि बुधबार वन पैदवार हानी नोक्सानी अन्तर्गत नवलपरासी जिल्ला अदालतमा मुद्दा दर्ता गरिएको छ । यता वडा नम्बर १ का वडा अध्यक्ष रुद्र प्रकाश उपाध्यायले भने सार्वजनिक जग्गामा रहेको हरियो रुख कटानमा आफ्नो कुनै संलग्नता नरहेको दाबी गरेका छन् ।


## उर्लाबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

उर्लाबारी, मोरङ
१ नं प्रदेश, नेपाल

### बोलपत्र स्वीकृति गर्ने आशयको सूचना

(प्रकाशित मितिः– २०७९।११।१२)

यस कार्यालयबाट मिति २०७९।१०।०२ गते मध्यान्ह दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सम्बन्धि सूचना तथा www.bolpatra.gov.np/egp मार्फत आह्वान गर्दा दर्ता हुन आएका बोलपत्रदाताहरू मध्ये निम्न अनुसारको बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राहि भई स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनको लागि सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीका लागि बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | बोलपत्रदाताको नाम | कबोल अङ्क (प्रोभिजनल सम र भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|---|
| | URL-Drain&Sidewall-Ward4&7,8-W-NCB-04-079/80 | Package II(Bhadramari marga drain nirman urlabari-4&7,Adhuro sidewall nirman pragati marga hudai meri tole uttar urlabari-8,Bal Bisauni sidewall nirman urlabari-8 morang) | Tumruk Construction, Urlabari, Morang | 33,05,835.82 | |

प्रमुख प्रशासकिय अधिकृत


# त्रिविमा शोक बिदा

**काठमाडौं/मस–** त्रिभुवन विश्वविद्यालयमा शुक्रबार शोक बिदा दिइने भएको छ । कार्यकारी परिषदले शुक्रबार शोक बिदा दिने निर्णय गरेको हो । त्रिवि सेवा आयोगका पूर्वअध्यक्ष प्राध्यापक चूडाराज उप्रेतीको फागुन ८ मा भएको निधनमा शोक व्यक्त गर्दै त्रिविले फागुन १२ गते शुक्रबार शोक बिदा दिने निर्णय गरिएको हो । पूर्वनिर्धारित परीक्षाहरू यथावत् सञ्चालन हुने गरी त्रिवि केन्द्रीय कार्यालयलगायत सबै आंगिक क्याम्पस तथा कार्यालयहरूलाई शोक बिदा दिने निर्णय भएको रजिष्ट्रार कार्यालय सूचना तथा जनसम्पर्क महाशाखा प्रमुख योगेन्द्रप्रसाद दाहालले विज्ञप्ति निकालेर जानकारी गराएका छन् ।

# वृद्धको हत्या

**कपिलवस्तु/मस–** कपिलवस्तुमा वृद्धको हत्या आरोपमा छोराबुहारी पक्राउ परेका छन् । बिहीबार प्रहरीले शिवराज नगरपालिका-१० शितलापुरका ६४ वर्षका मगरे पासीको हत्या आरोपमा उनकै छोरा माङ्तीराम पासी र बुहारी मिमा पासीलाई पक्राउ गरेको हो ।

मगरे पासीको शव बुधबार उनी सुत्ने कोठामा झुण्डिएको अवस्थामा भेटिएको थियो । खबर पाएपछि पुगेको वडा प्रहरी कार्यालय चन्द्रौटाको टोलीले शव शंकास्पद देखिएपछि अनुसन्धान शुरु गरेको थियो ।

बाँया आँखामा निलडाम, नाकबाट रगत बगेको, कानमा चोट लागेको देखिएपछि अनुसन्धान गर्दा छोरा बुहारी मिलेर हत्या गरेको खुलेको जिल्ला प्रहरी कार्यालय कपिलवस्तुले जनाएको छ ।


VACANCY
ANNOUNCEMENT
यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
WE'RE HIRING
1. Office Secretary -1 (Female)
- 1-2 years of experience - Should have a pleasant personality
- Excellent verbal & written communication skills in English
2. Computer operator -1 (Male/Female)
SEND YOUR CV: phrmarketingcvs@gmail.com
01-4958519
9851245683
SALARY Negotiable
प्यासिफिक ह्यूमन रिसोर्सेज प्रा. लि.
सामाखुसी टाउनप्लानिङ, काठमाडौं,

VACANCY
ANNOUNCEMENT
यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
ACCOUNTANT-1(M/F)
Should be experience in related field.
SALARY Negotiable
Send us your CV:
cv.naukrinepal@gmail.com
01-4362686
4385786, 4385784
9801059992/9801059994
NAUKRI NEPAL RECRUITMENT SERVICE PVT. LTD.
Birendra Ayswarya Marga, Mitranagar, Gangabu, Kathmandu

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
हकदावी सम्बन्धी सूचना
यस कार्यालयमा मिति २०६७/१०/२० मा दर्ता भएको **प्रा.लि. नं. ८०२१७** को **भन्ज्याङ्ग रोधी घर रेष्टुरेण्ट एण्ड बार प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

एस.टि. मल्टिपर्पोज प्रा.लि.(लिक्विडेशन)को
कम्पनी खारेजीमा गएको सूचना
कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/०७/२४ मा दर्ता भएको **प्रा.लि.नं. १२८१८८/०७१/०७२**को **एस.टि. मल्टिपर्पोज प्रा.लि.**को मिति २०७९/१०/१५ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**



## Invitation for Bids

## Namobuddha Municipality
## Office Of Municipal Executive

Bhakundebesi, Kavrepalanchok
Province-Bagmati, Nepal

### *Invitation for Bids for the* Banskharka Lakaine Kuinkelgaun Khanepani

**Contract Identification No: NMUN/NCB/WORK/079/080-10**
**Date of publication: 2079/11/12 BS**

1. ***Namobuddha Municipality*** invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of **Banskharka Lakaine Kuinkelgaun Khanepani** under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. 34,59,557.62 ***(excluding VAT & PS).***
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Of ***Namobuddha Municipality, Bhakundebesi, Kavrepalanchok, info@namobuddhamun.gov.np, 011- 404031, 404068*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder have only option to chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified below) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : Rastriya Banijya Bank
   Name of Account : NAMOBUDDHA NA.PA. (GA-1-1)- AANTARIK
   Antarik Rajshwo Account No. : 1540100301010002
4. Electronic bids must be submitted to the office ***Namobuddha Municipality, Kavre*** through PPMO website www.bolpatra.gov.np/egp on or before ***12:00 PM*** on ***2079/12/12 (26th March, 2023)***. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1***:00 PM*** on ***2079/12/12 (26th March, 2023)***. at the office of ***Namobuddha Municipality, Kavre.*** Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of following bid security fee, which shall be valid for 30 days beyond the validity period of the bid.
   Name of Account : NAMOBUDDHA NA.PA. (GA-3)- DHARAUTI AC
   Dharauti Account No. : 1540100303000002.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| IFB no. | Description of Works | Estimated Cost (Without Vat and PS) | Bid Security Fee | Bid Document |
|---|---|---|---|---|
| NMUN/NCB/WORK/079/080-10 | Banskharka Lakaine Kuinkelgaun Khanepani | Rs. 34,59,557.62 | Rs. 1,00,000.00 | Rs. 3,000.00 |

मध्यान्ह
www.madhyanhadaily.com
१२ फागुन २०७९, शुक्रबार
24 February 2023, Friday

## सम्पादकीय

# जनतालाई प्राथमिकता देऊ

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वमा सरकार गठन नभएको दुई महिना बित्यो । यसबीचमा सत्ता साझेदार दलहरू नै उनीसित असन्तुष्ट बनेका छन् । समर्थन कायमै राखे पनि राष्ट्रिय स्वतन्त्र पार्टी सरकारबाट बाहिरिएको छ । प्रचण्ड सरकारका एक सहयोगी नागरिक उन्मुक्ति पार्टी सरकारमा सहभागी नै भएको छैन । संघीय सत्ता साझेदार दलहरूले बनाएको सुदूरपश्चिमको सरकार ढलेको छ । संसदमा गणतन्त्र, धर्मनिरपेक्षता र संघीयताको पक्ष र विपक्षमा विरोध र समर्थनमा वादविवाद गर्ने प्रबृति देखा परेको छ । आफूलाई नेपाली कांग्रेसले पनि विश्वासको मत दिएको भन्दै पूर्व सहमति विपरीत प्रधानमन्त्री प्रचण्डले 'सहमतिको राष्ट्रपति' खोजी गरेपछि एमाले असन्तुष्ट छ । सरकार टिकाउन वा आफूलाई सहज हुने राष्ट्रपतिकका लागि प्रचण्ड चुनाव अगाडिको पाँच दलीय गठबन्धन ब्यूँताउने प्रयासमा छन् ।

अर्थात्, प्रधानमन्त्रीको ध्यान राजनीतिक समीकरण बनाउने र भत्काउनेमै केन्द्रीत छ । प्रचण्डले १० पुसमा प्रधानमन्त्री भएपछि आफ्नो प्राथमिकता सार्वजनिक सेवामा चुस्तता, सुशासन र आर्थिक विकास रहेको बताएका थिए । तर, त्यस अनुसार उनले न मन्त्रिपरिषदबाट निर्णय गराएका छन न त्यस अनुसारको व्यवहार । गरेका निर्णयको पनि कार्यान्वयनको पाटो ख्याल नगर्दा उल्टो आलोच्य विषय बन्न पुगेको छ । प्रचण्ड नेतृत्वको सरकारले मन्त्रिपरिषद्को पहिलो बैठकबाट सुशासनलाई प्राथमिकतामा राख्ने निर्णय गरेको थियो । कहाँ कस्तो सुशासन नभनिएको भनी हुन सक्ने आलोचनालाई ख्याल गरेर राहदानी विभागमा लागिरहेको लाइन हटाउने, राष्ट्रिय परिचयपत्र लिने लाइन हटाउन निर्णय गरेका थिए । त्यसका लागि सम्बन्धित निकायलाई थप काम अगाडि बढाउन भनिएको थियो । तर, प्रचण्ड नेतृत्वको सरकारले गरेको पहिलो निर्णय कार्यान्वयनमा आउन सकेको छैन् । किन कार्यान्वयन हुन सकेन भनेर न सरकारले ध्यान दिएको छ, न विभागीय मन्त्रीको चासो गएको न यसतर्फ प्रधानमन्त्री प्रचण्डले नै ध्यान दिएका छन् ।

सरकारले दुई महिना पार गरिसक्दासम्म राजनीतिक विषय मात्रै राष्ट्रिय राजनीतिको मूल विषय बनेको छ । भनिन्छ, खबरदारी गर्नेहरू कमजोर हुँदा शासकहरू तानाशाही बन्छन् । सरकारलाई खबरदारी गर्ने र जवाफदेही बनाउने संसद हो । यसैका लागि नागरिकहरूले चुनेर संसदमा पठाएका हुन् । संसदमै पनि किसानले मल नपाएको विषय, महंगी बढेको विषय, बेरोजगारी र युवाहरूमा रहेको नैराश्यताको विषयमा सरकारलाई जवाफदेही बनाउनेगरी बहस भएको छैन । यस्तो बहस होस्, गरियोस् । नेताहरू आफ्नै स्वार्थमा बढ्ता केन्द्रीत हुन्छन् भन्ने भाष्यलाई खण्डित गरियोस् । निर्वाचन पाँच वर्षपछि फेरि आउँछ भन्ने तथ्य बुझेर जनताको मुद्दालाई प्राथमिकता दिइयोस् ।

# योजना प्रणालीको अभ्यास

*तीन तहको सरकारबीच संविधानले अंगीकार गरेको 'सहकारिता, सहअस्तित्व र समन्वय'को सिद्धान्तलाई संस्थागत अभ्यास गर्ने उपयुक्त माध्यम योजना प्रणाली हो । तर बिडम्बना, उचित पद्धति र संयन्त्रको विकास हुन नसक्दा र साधनस्रोतको बाँडफाँट न्यायोचित हुन नसक्दा संघीयताप्रति नै गलत धारणा बन्न गइरहेको छ ।*

अग्रलेख



● डा. ठाकुरप्रसाद भट्ट

लोकतान्त्रिक व्यवस्थाभित्र योजना प्रणालीमा जनताको खुला र सक्रिय सहभागितामा हुनुपर्ने हो । जनसहभागिता बिना लोकप्रिय, जनमुखी र प्रभावकारी योजना निर्माण गर्न सम्भव हुँदैन । संघीय व्यवस्थाभित्र सबै तहका योजना प्रणालीहरु र त्यसबाट तर्जुमा गरिएका योजनाले विकास र सुशासनको प्रत्याभूत दिन सक्नुपर्ने हो । तथापि, यस्तो हुन सकिरहेको छैन । जबसम्म योजना प्रणालीलाई औपचारिक कर्मकाण्डबाट माथि उठाएर वैज्ञानिक, अनुसन्धानात्मक र विश्लेषणमा आधारित प्रभावकारी बनाउन सक्दैनौं तबसम्म विकास एक हचुवा काम मात्र हुनेछ । यसले सकारात्मक परिणाम होइन, विसंगति मात्र भित्र्याउने छ । जुन चल्तीमा रहेको योजना तर्जुमाको अभ्यासले देखाइरहेको छ ।

सन् १९५० को दशकताका योजना प्रणालीको अभ्यासलाई वैचारिक तथा सैद्धान्तिक दृष्टिकोणले समाजवादी मान्यतामा आधारित केन्द्रिकृत अवधारणा मान्ने गरिन्थ्यो । तथापि, अल्पविकसित देशले आफ्नो विकासको आवश्यकतालाई सम्बोधन गर्न योजनाबद्ध विकासको प्रणालीलाई उपयुक्त ठानी अनुशरण र अभ्यास गर्न थाले । कतिपय विकासोन्मुख देशले यसको सही प्रयोगबाट विकासमा फड्को मार्न सफल भए भने केही देशले प्रभावकारी प्रयोग गर्न सकेनन् ।



खासगरी सन् १९९० को दशकतिरको उदारवाद र निजीकरणको प्रभावले योजनाबद्ध विकासको अभ्यासमा केही भ्रम र सुस्तता ल्याएको देखिन्छ । यति हुँदाहुँदै पनि विकासोन्मुख देशहरुमा विकासका प्राथमिकता तय गर्न तथा साधन स्रोतको वितरण र परिचालन गर्न योजना प्रणालीको अभ्यास भइराखेको छ । खासगरी बजारले सिमान्तकृत समुदाय र पहुँच नपुगेको क्षेत्रहरुमा स्वत: साधन स्रोतको प्रवाह नगर्ने हुनाले गरिबीमा रहेका समुदाय र विकासमा पछाडि परेको क्षेत्रहरुको विकासको लागि राज्यले विशेष प्राथमिकता दिनुपर्ने हुन्छ । यिनै र अन्य कतिपय कारणले विकासशील देशहरुले सन्तुलित र सामाजिक न्यायसहितको विकासका लागि योजना प्रणालीको अभ्यास गर्दै आएका छन् ।

अन्य मुलुकले अगाडि बढाएका सैद्धान्तिक मान्यताकै आधारमा नेपालले पनि आफ्नो विकासको लागि योजना प्रणालीको अभ्यास गर्दै आइरहेको छ । तथापि, यसबाट आसातित परिणाम आउन सकिरहेको छैन । देश संघीय प्रणालीमा गइसकेपछिको टड्कारो मुद्दा भनेको योजना तर्जुमाको प्रक्रियामा तीन तहका सरकारहरुबीच कस्तो अन्तरसम्बन्ध हुने भन्ने हो । तीन तहबीच संविधानले अंगीकार गरेको 'सहकारिता, सहअस्तित्व र समन्वय'को सिद्धान्तलाई संस्थागत अभ्यास गर्ने उपयुक्त माध्यम योजना प्रणाली हो । तर बिडम्बना, तीन तहबीच त्यस्तो पद्धति र संयन्त्रको विकास हुन नसक्दा र साधनस्रोतको बाँडफाँट न्यायोचित हुन नसक्दा संघीयताप्रति नै गलत धारणा बन्न गइरहेको छ । भनिन्छ, यतिखेर विगतदेखिका ५ सय जति पुराना योजनाहरु निर्माण नसकिएर लथालिङ्ग अवस्थामा रहेका छन् भने पहुँच र प्रभावका आधारमा जथाभावी हचुवा तवरमा नयाँ-नयाँ योजनाहरु थपिँदै गएका छन् । यस्तो अवस्थामा सुशासन, विकास र समृद्धिको बाटोबाट समाजवादतर्फ अग्रसर हुने संविधानको परिकल्पना धेरै नै टाढाको विषय बन्न पुगेको छ ।

हामीमा योजना तर्जुमासम्बन्धी सही दृष्टिकोणको अभाव छ । जनकेन्द्रित विकासको सिद्धान्तले जनतालाई केन्द्रमा राख्ने हुनाले योजनाको सम्पूर्ण प्रक्रियामा जनताको सहभागिता अपरिहार्य हुन्छ । अझ सामाजिक न्यायको हिसाबले सबैभन्दा पछि परेको जनसमुदायको आवश्यकता र चाहनालाई समेट्न यस्ता जनसमुदायको सहभागिता सुनिश्चित गर्ने योजना तर्जुमा प्रणालीको आवश्यकता पर्छ । हाम्रा योजना तर्जुमा गर्ने निकायहरु, कर्मचारीतन्त्र र राजनीतिक प्रतिनिधिमा सहभागीमूलक योजना तर्जुमाको बारेको बुझाइको कमी छ वा स्वार्थवश हचुवा प्रकारको तजबिजी योजना छनोटको परिपाटी अपनाइरहेका छन् । जे होस् यही बेथितिको फलस्वरूप विकास योजनामा समाजका टाठाबाठा, सत्ता र शक्तिमा पहुँच भएकाको मात्रै बोलबाला छ ।

> *सबैखाले कमजोरीको समीक्षा गरी तीनै तहका योजनाहरूबीच समन्वय र अन्तरसम्बन्ध विकास गर्न हालका योजनासम्बन्धी निकायको संघीयताको मर्मअनुरूप पुन:संरचना र सुदृढीकरण गर्न जरूरी छ । साथै, सहभागीमूलक योजना तर्जुमाको प्रक्रिया समुदायस्तरबाटै प्रारम्भ हुने भएकोले स्थानीय तहमा समेत योजना तर्जुमाको संस्थागत संरचना स्थापना गर्न जरूरी छ ।*

बिडम्बना, मुलुकमा कुनै पनि विकास योजना कुनै प्रक्रियाबाट छनोट हुने अवस्था छैन । राजनीतिक नेता वा पद र शक्तिमा रहेकाको कोटको खल्तीबाट उत्पन्न हुने गरेको टिप्पणी व्याप्त छ । यस्तो परिपाटी सरकारका तीनै तहमा रहेको देखिन्छ । यसले गर्दा पहुँचवालाहरुले एउटै योजनामा तीनै तहबाट बजेट पार्ने गरेको पाइन्छ । त्यसैले सहभागीमूलक र पारदर्शी योजना तर्जुमाको पद्धतिलाई स्थानीय समुदायबाटै अवलम्बन गर्ने नीतिलाई कडाइका साथ लागू गर्न जरुरी देखिएको छ ।

योजना तर्जुमाको यस्तो विसङ्गतिपूर्ण अवस्थालाई सुधार गर्न सबैभन्दा पहिले राजनीतिक तहको प्रतिबद्धता र जवाफदेहिता सुनिश्चित हुन जरुरी छ । राजनीतिक नेतृत्वमा सहाभागीमूलक योजना तर्जुमाको विकास नभएसम्म उनीहरुबाट प्रतिबद्धता र जवाफदेहिता पाउन सकिँदैन । यसैले अहिलेसम्मको विसंगति र कमजोरीबारे समीक्षा गरेर योजना तर्जुमाको सही दृष्टिकोणको विकास गर्न जरुरी छ । हालसम्मको अवस्था हेर्दा, राजनीतिक वृत्तले कर्मचारीतन्त्र र विचौलिया समूहसमेतको मिलोमतोमा विकास योजनाहरुलाई एकातर्फ लोकप्रियतावादी भोट बैंकका रूपमा र अर्कोतर्फ कमिसनको स्रोतका रूपमा उपयोग गर्दै आएको देखिन्छ । यही कारणले वैज्ञानिक योजना बनाउन नसक्ने, बनाएको योजनाको कार्यान्वयन ज्यादै कमजोर हुने, विकासमा लागेको साधनस्रोतले जनताको अवस्थामा कुनै सकारात्मक परिवर्तन नल्याउने जस्तो दुष्चक्रबाट हाम्रो विकास अभियान गुज्रिरहेको छ ।

योजना तर्जुमा गर्नको लागि आवश्यक अर्को मूल कुरा सुदृढ र सशक्त निकाय र योजना प्रक्रियालाई सहजीकरण गर्नसक्ने दीक्षित जनशक्तिको हो । हामीकहाँ विगतदेखि नै केन्द्रीय तहमा राष्ट्रिय योजना आयोग जस्तो निकाय नभएको होइन । साथै, संघीय प्रणालीको स्थापनासँगै प्रदेश तहमा प्रदेशस्तरीय योजना आयोगहरु गठन भएका छन् । यी निकायहरु संघीयताको मर्म अनुरूप र सहभागीमूलक योजना तर्जुमाका मान्यतामा रहेर योजना तर्जुमा गर्न प्रभावकारी देखिएका छैनन् भन्ने तथ्य विगतदेखि हालसम्मको हचुवा योजना छनोटको परिपाटी र विकास योजनाहरुको फितलो अनुगमनले प्रष्ट्याएकै छ । यी र सबैखाले कमजोरीको समीक्षा गरी तीनै तहका योजनाहरुबीच समन्वय र अन्तरसम्बन्ध विकास गर्न हालका योजनासम्बन्धी निकायको संघीयताको मर्मअनुरूप पुन:संरचना र सुदृढीकरण गर्न जरुरी छ । साथै, सहभागीमूलक योजना तर्जुमाको प्रक्रिया समुदायस्तरबाटै प्रारम्भ हुने भएकोले स्थानीय तहमा समेत योजना तर्जुमाको संस्थागत संरचना स्थापना गर्न जरुरी छ । तिनै तहमा सबल निकायहरु हुन सके मात्र योजना तर्जुमा, कार्यान्वयन र अनुगमन प्रभावकारी हुन सक्छ ।

योजनासम्बन्धी निकायहरुको स्थापनासँगै ती निकायहरुमा सहभागीमूलक योजना तर्जुमा प्रक्रियालाई सहजीकरण गर्न सक्ने ज्ञान र सीपले दीक्षित जनशक्तिको व्यवस्था गरिनुपर्छ । योजना तर्जुमा र जनसहभागिताको विषय एक विशिष्टिकृत विषय भएकाले योसम्बन्धी छुट्टै सेवाको पनि व्यवस्था गर्न पनि जरुरी छ । हालसम्म यो विषयमा ज्ञान नभएको जनशक्तिबाट तदर्थतामा योजन तर्जुमा र अनुगमनको काम भइआएको छ । विकास नीति तथा योजना तर्जुमालाई अनुसन्धानमा आधारित बनाउन पनि दक्ष जनशक्तिको जरुरी हुन्छ । यस सम्बन्धमा हालको नीति तथा अनुसन्धान आयोगलाई छुट्टै निकाय नबनाएर योजना आयोगअन्तर्गत नै राखेर नीति, योजना र अनुसन्धानलाई एकीकृत तवरमा परिचालन गर्न उपयुक्त हुन्छ । सशक्त अधिकारयुक्त संस्था र दक्ष जनशक्तिबिना योजना प्रणालीमा देखिएको समस्या समाधान हुन सक्दैन ।

निष्कर्षमा, विकास योजना तर्जुमासम्बन्धी सोंच र दृष्टिकोणमा स्पष्टता र यसको कार्यान्वयनमा इमानदारिता हासिल गर्नसके सुधारका लागि कुनै कठिनाइ हुने छैन । हामी अहिले सर्वाधिक उन्नत प्रविधिको युगमा छौं । प्रविधिको प्रयोग गरेर सहजै आवश्यक सूचना खोजी कामहरु गर्न सक्छौं । साथै, योजना तर्जुमाका लागि समुदाय र निर्वाचित जनप्रतिनिधिलाई सहजीकरण गर्नसक्ने जनशक्तिको विकास गर्न सकिन्छ । यस्को लागि सही नीति, पद्धति, संस्थागत संरचनासहितको स्पष्ट ढाँचा निर्धारण गरेर हालको विसङ्गतिपूर्ण र हचुवा योजना छनोटको परिपाटी र विकासका साधन स्रोतको हुँदै आएको दुरूपयोग रोकेर सहभागीमूलक, पारदर्शी, जवाफदेहीपूर्ण जनमुखी योजना तर्जुमाको पद्धति विकास गरेर देशलाई विकास, सुशासन र समृद्धिको बाटोमा अग्रसर गराउन सकिन्छ ।

## सामाजिक सञ्जाल



- डम्मर खतिवडा

जति पनि भेटघाट अनि छलफल हुन्छन् अधिकांशको कुरा उही हुन्छ- नेताले देश खत्तम पारे, अब श्रीलंकाजस्तै टाट पल्टिन बेर छैन । दलहरू सबै उस्तै, अवसरवादी र कृतघ्न निस्के । नयाँ भन्याको पनि आश रहेन । आफू सकिँदैन, कोही आएर केही गरे हुने- त्यो कोही चाहिँ कसरी आउला ? आकाशबाट झरेर कि धर्ती फुटेर ?



- राधाकृष्ण कटवाल

राष्ट्रपतिमा राष्ट्रिय सहमतिको झ्याली पिटिरहनुभन्दा गोलाप्रथाबाट छनोट गरियो भने सबैभन्दा राम्रो होला । बरू उम्मेदवार बन्न मापदण्ड तोक्दा उचित हुन्छ । नभए सेवा सुविधा कटौती गरेर पाँच दललाई एक/एक वर्ष राष्ट्रपति दिए राष्ट्रिय सहमति होला नत्र उहीँ राष्ट्रिय सहमति नाममात्रै हो ।



- भानुप्रसाद आचार्य

भूमण्डलीकरणको दुहाइ दिएर अरू मुलुकको आन्तरिक मामलामा छानबिन तथा परीक्षण गर्ने जिकिर हाँस्यास्पद हो । भूमण्डलीकरणको मान्य क्षेत्र पुनः अध्ययन गरून् । मुनी वा माथिबाट अरूको राजनीतिक मामलामा हस्तछेप गर्ने होइन ।



- भीम रावल

पदका लागि 'शीर्ष' नेताहरूले जति छलफल गरेका छन् त्यसको आधा समय देश र जनताका समस्या समाधान गर्न छलफल गरेको भए जनता र देशलाई राहत हुन्थ्यो कि ? नेताहरूले राष्ट्रिय राजनीतिलाई यस्तो तहमा झारिसके अब विदेशीले राष्ट्रपतिको नाम सिफारिस गर्नथाले । लज्जास्पद र निन्दनीय ।



- बाबुराम विश्वकर्मा

०५१ सालदेखिको सरकार बन्ने र भत्किने, गठबन्धन बन्ने र भत्किने फोहोरी खेल जारी छ । मूल्य, मान्यता सकिएको राजनीतिमा यो, त्यो, आलोपालो र भागबण्डा निर्णायक भएको छ । देश र जनताको चिन्ताभन्दा कुर्सी पाउने होडले नेतालाई निकम्मा बनाएको छ । सबै निकम्मा र पदलोलुप, व्यवस्था दुर्गन्धित छ ।

# निषेध होइन सहमति

विचार



● सन्दीप पनेरू

*अहिलेको शक्ति समीकरण एकले अर्कोलाई निषेध होइन, आपसी सहमतिबाटै अगाडि बढ्ने खालको छ । जसलाई सबै दलले आत्मसात् गर्न आवश्यक छ । माओवादी केन्द्रले जुन नियतका साथ राष्ट्रिय सहमतिको एजेण्डा अगाडि सारेको भएपनि वर्तमान अवस्थाको आवश्यकता त्यही नै हो ।*

पुस १० को 'बालकोट सहमति'पछि सात दलको समर्थनमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री बनेका थिए । प्रचण्ड प्रधानमन्त्री बन्ने सहमति भएको वार्तामा विशेषत: सात दलबीच शक्ति बाँडफाँटको बारेमा पनि सहमति भएको थियो । एमाले र माओवादी केन्द्रका नेताहरुले भनेअनुसार राष्ट्रपति, उपराष्ट्रपति, सभामुख, उपसभामुखसहितका पदबारे मोटामोटीरूपमा सहमति बनेको थियो । तर, दलहरुबीचको उक्त सहमति कायम रहने भने अवस्था रहेन । नयाँ गठबन्धन र नयाँ सरकार बनेको तीन महिना पनि नपुग्दै फेरि सरकार परिवर्तनका खेलहरु पृष्ठभूमिमा देखिएका छन् ।

पुस १० गते जे सहमतिका आधारमा सत्ता गठबन्धन र सरकार बनेको थियो, पुस २६ गतेको घटना (प्रधानमन्त्रीले विश्वासको मत) पछि माओवादी केन्द्रले अर्को विकल्प अघि सारेको छ । विश्वासको मत पाएसँगै माओवादी केन्द्रले 'राष्ट्रिय सहमति'को एजेण्डा अगाडि सारेको छ । माओवादी केन्द्रले अगाडि सारेको पछिल्लो एजेण्डाले पुस १० को सहमतिलाई विस्थापित गर्दछ । जसका आधारमा सत्ता गठबन्धन कायमै नरहने पनि जनाउँछ ।

